# ग्रामथान गाउँपालिका
## Gramthan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipal Executive

पत्र सख्या : २०८१/०८२
Ref.No :2081/082
चलानी न. :

तेतरिया,मोरङ
Tetariya,Morang
कोशी प्रदेश, नेपाल
Koshi Province , Nepal


**स्थानीय सडक पूर्वाधार सेवा शुल्क संकलन (दैनिक) गर्ने कार्यको E-BID ठेक्का बन्दोबस्ती सम्बन्धी ३० दिने सूचना।**

प्रथम पटक प्रकाशित मितिः २०८१।०६।०८

यस ग्रामथान गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको पन्ध्रौ गाउँसभाको निर्णयानुसार स्थानीय सडक पूर्वाधार सेवा शुल्क (दैनिक) अशुली गर्न देहाय बमोजिमको आन्तरिक आय सम्बन्धि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रहि इच्छुक व्यवसायी, फर्म, कम्पनीहरुबाट तोकिएको न्यूनतम अङ्कमा नघट्ने गरि कर शुल्क संकलन गर्नका लागि यस गाउँपालिकाबाट जारी गरिएको तपशिल बमोजिमको बोलपत्र फारम दस्तुर तिरी (फिर्ता नहुने गरि) खरिद गरि तोकिएको म्याद भित्रमा विद्युतीय खरिद प्रणाली (e-GP) बाट मात्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | उठाउने क्षेत्र | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | G. R. / NCB / Goods /08 - 081-082 | स्थानीय सडक पूर्वाधार शुल्क संकलन (दैनिक) | मुख्य राजमार्ग बाहेक गा. पा. को क्षेत्र भित्रका सडकहरु। | ४१,००,०००।- | ३०००।- | |

**नोटः कर शुल्क संकलनको दररेट**

**१. ट्याक्टर - रु. ५०/-**

**२. ट्रक र ट्रिपर - रु. १००/-**

**३. हाइवा - रु. १५०/-**

**शर्तहरु**

१. बोलपत्र फारम दस्तुरको लागि रु. ३०००।०० (तीन हजार) मात्रको यस कार्यालयको एन.आई.सी. एसिया बैंक पुष्पलाल चौक शाखाको आन्तरिक राजश्व खाता नं. ०६९२०५०००५८३६००७ मा दाखिला गरि **PPMO** को बेभसाईट **https://bolpatra.gov.np/egp** मार्फत मिति २०८१।०७।०९ गते शुक्रवारको दिन १२:०० बजेसम्म बोलपत्र फारम **https://bolpatra.gov.np/egp** बाट डाउनलोड गरि अनिवार्य **Online** बोलपत्र दर्ता गराउनु पर्नेछ।

२. बोलपत्र दर्ता भएको दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ र बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा हुने छैन।

३. बोलपत्रमा ठेक्का कबोल रकमको ५ प्रतिशतले हुने रकम ग्रामथान गाउँपालिकाको नाममा रहेको एन.आई.सी. एसिया बैंक पुष्पलालचौक शाखाको धरौटी खाता नं. ६९४१०००५८३६५२४०३ मा जम्मा गरेको भौचर वा "क" वर्गको बैंकले यस कार्यालयको नाममा बोलपत्र नं. र नाममा जारी गरेको कम्तिमा १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (बिड बण्ड) साथै बोलपत्रदाताले फर्म वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि नविकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.ब. २०८०/०८१ को कर चुक्ता वा म्याद थप गरिएको प्रमाण र स्वघोषण पत्र साथै ठेक्का जमानत पत्र र अन्य आवश्यक सम्पूर्ण कागजात Scan Copy अनिवार्य रुपमा अपलोड गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

४. शिलबन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिन वा बोलपत्र खोलिने दिन बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन बोलपत्र खोलिनेछ।

५. बोलपत्र दाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ठ बुझाउनु पर्नेछ।

६. ठेक्काको अवधि सम्झौता अवधि देखि २०८१ असार मसान्त सम्मको लागि मात्र हुनेछ।

७. ठेक्का सम्झौता भइसके पछि कुनै बन्द हडताल वा कुनै कारणबाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफी दिइने छैन।

८. यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियमानुसार कार्वाही गरि ठेक्का समेत रद्द हुन सक्नेछ।

९. बोलपत्रदाताले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ।

१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकामा निहित रहनेछ।

११. बोलपत्रदाता तथा गाउँपालिका बिच कुनै किसिमको मत भिन्नता भएमा गाउँपालिकाको निर्णयलाई अन्तिम मानिनेछ।

१२. यो सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपालको प्रचलित कानुन बमोजिम हुनेछ।

१३. ठेक्का तयारी तथा यस संग लाग्ने सम्पूर्ण खर्च बोलपत्र दाता आफै जिम्मेवार हुनु पर्नेछ।

१४. बोलपत्र कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित रहनेछ।

१५. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन।

१६. ठेक्का तथा बिड डकुमेन्ट सम्बन्धि अन्य जानकारीको लागि बोलपत्र दाताले **https://bolpatra.gov.np/egp** मार्फत जानकारी प्राप्त गर्न सक्नेछ।

..............................

राम राज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# ग्रामथान गाउँपालिका
**Gramthan Rural Municipality**
गाउँ कार्यपालिकाको कार्यालय
**Office Of Rural Municipal Executive**

पत्र संख्या : २०८१/०८२
**Ref.No :2081/082**
चलानी नं. :

तेतरिया,मोरङ
**Tetariya,Morang**
कोशी प्रदेश, नेपाल
**Koshi Province , Nepal**


**BOQ**

| सि.नं. | उठाउने क्षेत्र | न्युनतम ठेक्का अंक रु. (भ्याट बाहेक) | कबोल रकम रु. (भ्याट बाहेक) | | कैफियत |
|---|---|---|---|---|---|
| | | | अंकमा | अक्षरमा | |
| १. | मुख्य राजमार्ग बाहेक गा. पा. को क्षेत्र भित्रका सडकहरु। | ४१,००,०००/- | | | |

प्रमुख प्रशासकीय अधिकृत